माण्डवी गाउँपालिका
गाउँ सभाको सचिवालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

माण्डवी गाउँपालिका

# गाउँ सभाको सचिवालय

जस्पुर, प्यूठान

लुम्बिनी प्रदेश नेपाल

## माण्डवी गाउँपालिका गाउँसभाको २१ औँ अधिवेशन (विशेष) को सभाका अध्यक्ष ज्यूको वाचन पत्र

गाउँ सभाका सदस्यहरु, अब आजको बैठक प्रारम्भ हुन्छ । लुम्बिनी प्रदेशको गाउँ सभा/नगर सभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ को दफा ३ बमोजिम माण्डवी गाउँपालिकाको गाउँ सभाको २१ औँ (विशेष) अधिवेशन प्रारम्भ भएको जानकारी गराउन चाहन्छु । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनले निर्दिष्ट गरेको जिम्मेवारी र अधिकारको प्रभावकारी कार्यान्वयन गर्दै गाउँपालिकाको समग्र विकास, सुशासन, पारदर्शिता, जवाफदेहिता तथा गुणस्तरीय सेवा प्रवाहलाई थप सुदृढ बनाउने उद्देश्यका साथ यस विशेष अधिवेशनको आयोजना गरिएको हो । जनताको प्रत्यक्ष सरोकार र आवश्यकता सम्बोधन गर्ने, उपलब्ध स्रोत–साधनको अधिकतम सदुपयोग गर्ने तथा गाउँपालिकाको विकासलाई थप व्यवस्थित, समावेशी र परिणाममुखी बनाउने विषयमा यस अधिवेशनबाट महत्वपूर्ण छलफल तथा निर्णय हुने अपेक्षा गरेको छु ।

गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनका क्रममा देखिएका आवश्यकता, चुनौती तथा प्राथमिकताका विषयलाई सम्बोधन गर्दै आगामी कार्यदिशा तय गर्न यो विशेष अधिवेशन महत्वपूर्ण रहनेछ । यस अवसरमा

...राज अधिकारी
सभा अध्यक्ष

माण्डवी गाउँपालिका
गाउँ सभाको सचिवालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७२

गाउँपालिकाको विकास र समृद्धिका लागि निर्वाह गर्नुपर्ने साझा जिम्मेवारीलाई आत्मसात् गर्दै रचनात्मक छलफल, आपसी सहकार्य, समन्वय र सहमतिका माध्यमबाट जनहितमा आधारित निर्णय गर्न सम्पूर्ण गाउँसभा सदस्यज्यूहरूको सक्रिय सहभागिताको अपेक्षा गर्दछु। साथै, यस गरिमामय सभाको सफल सञ्चालन तथा उपलब्धिमूलक निष्कर्षका लागि यहाँहरू सबैमा हार्दिक धन्यवाद तथा शुभकामना व्यक्त गर्दछु । यो अधिवेशन विशेष अधिवेशनमा बजेट संशोधन तथा योजना तथा कार्यक्रम स्वीकृत तथा करार सेवामा कार्यरत शिक्षक र कर्मचारीहरुको तलव/सेवा सुविधा वृद्धि तथा समायोजन लगायत विषयहरु प्रस्तुत गरिनेछ ।

## कार्यसूचीको क्रमसङ्ख्या १

सभाका सदस्यहरु, अब म आजको बैठकको कार्यसूचीको पहिलो नम्बरमा रहेको माण्डवी गाउँपालिकाको गाउँ सभाको २१ औं (विशेष) अधिवेशन आव्हान गरेको पत्रको व्यहोरा सभाका सदस्यहरुको जानकारीको लागि पेश गर्दछु ।
**पत्रको व्यहोरा देहाय बमोजिम रहेको छ ।**

.............

## कार्यसूचीको क्रमङ्ख्या २

सभाका सदस्यहरु, अब म आजको दोस्रो कार्यसूचीलाई अगाडी बढाउँछु । यस गाउँ सभाको २१ औँ विशेष अधिवेशन प्रारम्भको अवसरमा स्वागत मन्तव्य राख्ने कार्यसूची अनुसार स्वागत मन्तव्यका लागि गाउँ सभा सदस्य श्री प्रकाश वलीलाई मञ्चमा आमन्त्रण गर्दछु ।

नपराज अधिकारी
सभा अध्यक्ष

मण्डवी गाउँपालिका
गाउँ सभाको सचिवालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## कार्यसूचीको क्रमसङ्ख्या ३

सभाका सदस्यहरु, अब म आजको कार्यसूचीको तेस्रो नम्बरमा रसुवाको भोटेकोशीमा आएको बाढीका कारण नुवाकोट र धादिङसहित तीन जिल्लामा ठूलो भौतिक र मानवीय क्षति भएको छ। चीनतर्फबाट आएको बाढीका कारण भोटेकोशी र त्रिशुली नदी किनारका धेरै बस्तीहरू बगेका छन्। सरकारले तीन जिल्लालाई संकटग्रस्त घोषणा गरेकोको अवस्थामा लुम्बिनी प्रदेशको गाउँ सभा/नगर सभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ को दफा ४१ को उपदफा (१) को (घ) बमोजिम सम्मानित गाउँ सभामा शोक प्रस्ताव पेश गर्न गाउँसभा सदस्य श्री पुर्ण प्रसाद कालाथोकीलाई निर्णयार्थ छलफलका पेश गर्न अनुरोध गर्दछु।

गाउँ सभा सदस्यज्यूहरु , गाउँ सभा सदस्य श्री पूर्ण प्रसाद कालाथोकीले पेश गर्नु भएको शोक प्रस्तावको स्वीकृतिको लागि लुम्बिनी प्रदेशको गाउँ सभा/नगर सभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ को दफा २६ को उपदफा (१) बमोजिम निर्णयार्थ पेश गर्दछु।

प्रस्तावको पक्षमा हुने सदस्यले हुन्छ भन्नुहोला र विपक्षमा हुने सदस्यहरुले हुन्न भनुहोला।

हुन्न भन्ने आवाज कतैबाट नआएकोले लुम्बिनी प्रदेशको गाउँ सभा/नगर सभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ को दफा २६ को उपदफा (२) बमोजिम शोक प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु।

## कार्यसूचीको क्रमसङ्ख्या ४

नयराज अधिकारी
सभा अध्यक्ष

माण्डवी गाउँपालिका
गाउँ सभाको सचिवालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

सभाका सदस्यहरु, अब म आजको कार्यसूचीको चौथो नम्बरमा रहेको माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को योजना तथा कार्यक्रम संशोधन तथा स्वीकृत प्रस्ताव अघि बढाउन गाउँसभा सदस्य श्री पुर्ण प्रसाद कालाथोकीलाई निर्णयार्थ छलफलका पेश गर्न अनुरोध गर्दछु ।

गाउँ सभा सदस्य पूर्ण प्रसाद कालाथोकी

गाउँ सभा सदस्यज्यूहरु , गाउँ सभा सदस्य श्री पूर्ण प्रसाद कालाथोकीले निर्णयार्थ पेश प्रस्तुत गर्नुभएको माण्डवी गाउँपालिकाको योजना तथा कार्यक्रम संशोधन तथा स्वीकृतिको लागि लुम्बिनी प्रदेशको गाउँ सभा/नगर सभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ को दफा २६ को उपदफा (१) बमोजिम निर्णयार्थ पेश गर्दछु ।

प्रस्तावको पक्षमा हुने सदस्यले हुन्छ भन्नुहोला र विपक्षमा हुने सदस्यहरुले हुन्न भनुहोला ।

प्रस्तावको पक्षमा हुन्न भन्ने आवाज कतैबाट नआएकोले माण्डवी गाउँपालिकाको बजेट रकमान्तर, स्रोतान्तर र योजना तथा कार्यक्रम लुम्बिनी प्रदेशको गाउँ सभा/नगर सभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ को दफा २६ को उपदफा (२) बमोजिम सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु ।

## कार्यसूचीको क्रमसङ्ख्या ५

सभाका सदस्यहरु, अब म आजको पाचौँ नम्वरको कार्यसूचीलाई अगाडी बढाउँछु । कार्यसूचीको पाचौँ नम्बरमा रहेको करार सेवामा कार्यरत शिक्षक र कर्मचारीहरुको

नवराज अधिकारी
गा.पा. अध्यक्ष

माण्डवी गाउँपालिका
गाउँ सभाको सचिवालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

तलव/सेवा सुविधा समायोजन तथा वृद्धि सम्वन्धी प्रस्ताव निर्णयार्थ पेश गर्न गाउँसभा सदस्य श्री पुर्ण प्रसाद कालाथोकीलाई अनुरोध गर्दछु ।

गाउँ सभा सदस्यज्यूहरु , गाउँ सभा सदस्य श्री पूर्ण प्रसाद कालाथोकीले निर्णयार्थ पेश प्रस्तुत गर्नुभएको करार सेवामा कार्यरत शिक्षक र कर्मचारीहरुको तलव/सेवा सुविधा समायोजन तथा वृद्धि सम्बन्धी प्रस्ताव स्वीकृतिका लागि लुम्बिनी प्रदेशको गाउँ सभा/नगर सभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ को दफा २६ को उपदफा (१) बमोजिम निर्णयार्थ पेश गर्दछु ।

प्रस्तावको पक्षमा हुने सदस्यले हुन्छ भन्नुहोला र विपक्षमा हुने सदस्यहरुले हुन्न भनुहोला ।

प्रस्तावको पक्षमा हुन्न भन्ने आवाज कतैबाट नआएकोले माण्डवी गाउँपालिकाको करार सेवामा कार्यरत शिक्षक र कर्मचारीहरुको तलव/सेवा सुविधा समायोजन तथा वृद्धि सम्वन्धी प्रस्ताव लुम्बिनी प्रदेशको गाउँ सभा/नगर सभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ को दफा २६ को उपदफा (२) बमोजिम सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु ।

## कार्यसूचीको क्रमसङ्ख्या ६

सभाका सदस्यहरु, अब म आजको छैटौं नम्वरको कार्यसूचीलाई अगाडि बढाउँछु ।

कार्यसूचीको छैटौं नम्वरमा रहेको माण्डवी गाउँपालिकामा कार्यरत कर्मचारीहरुको आर्थिक वर्ष २०८३/०८४ को तलवी प्रतिवेदन सम्बन्धी प्रस्ताव स्वीकृतिका लागि लुम्बिनी प्रदेशको गाउँ सभा/नगर सभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ को दफा २६ को उपदफा (१) बमोजिम निर्णयार्थ पेश गर्दछु ।

...राज अधिकारी
...भा अध्यक्ष

माण्डवी गाउँपालिका
गाउँ सभाको सचिवालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

गाउँ सभा सदस्यज्यूहरु, माण्डवी गाउँपालिकामा कार्यरत कर्मचारीहरुको आर्थिक वर्ष २०८३/०८४ को तलवी प्रतिवेदन सम्बन्धी प्रस्तावको पक्षमा हुने सदस्यले हुन्छ भन्नुहोला र विपक्षमा हुने सदस्यहरुले हुन्न भन्नुहोला ।

प्रस्तावको पक्षमा हुन्छ भन्ने आवाज आएको र विपक्षमा हुन्न भन्ने आवाज कतैबाट नआएकोले माण्डवी गाउँपालिकामा कार्यरत कर्मचारीहरुको आर्थिक वर्ष २०८३/०८४ को तलवी प्रतिवेदन सम्बन्धी प्रस्ताव लुम्बिनी प्रदेशको गाउँ सभा/नगर सभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ को दफा २६ को उपदफा (२) बमोजिम सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु ।

## कार्यसूचीको क्रमसङ्ख्या ७

सभाका सदस्यहरु, अब म आजको सातौँ नम्वरको कार्यसूचीलाई अगाडि बढाउँछु । कार्यसूचीको सातौँ नम्वरमा रहेको माण्डवी गाउँपालिकाको हाल सम्मको बेरुजु सम्परीक्षण सम्बन्धी प्रस्ताव स्वीकृतिका लागि लुम्बिनी प्रदेशको गाउँ सभा/नगर सभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ को दफा २६ को उपदफा (१) बमोजिम निर्णयार्थ पेश गर्दछु ।

गाउँ सभा सदस्यज्यूहरु, बेरुजु सम्परीक्षणले विगतको वित्तीय कमजोरी सच्याउने, बेरुजु फछर्यौट गर्ने, वित्तीय अनुशासन र पारदर्शिता कायम गर्ने तथा आगामी दिनमा बेरुजु दोहोरिन नदिने आधार तयार गर्ने भएकोले माण्डवी गाउँपालिकाको बेरुजु सम्परीक्षण सम्बन्धी प्रस्तावको पक्षमा हुने सदस्यले हुन्छ भन्नुहोला र विपक्षमा हुने सदस्यहरुले हुन्न भन्नुहोला ।

...राज अधिकारी
सभा अध्यक्ष

प्रस्तावको पक्षमा हुन्छ भन्ने आवाज आएको र विपक्षमा हुन्न भन्ने आवाज कतैबाट नआएकोले माण्डवी गाउँपालिकाको बेरुजु सम्परीक्षण सम्बन्धी प्रस्ताव लुम्बिनी प्रदेशको गाउँ सभा/नगर सभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ को दफा २६ को उपदफा (२) बमोजिम सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु ।

**कार्यसूचीको क्रम संख्या नं ८**

सभाका सदस्यहरु, अब म आजको आठौँ नम्वरको कार्यसूचीलाई अगाडि बढाउँछु । कार्यसूचीको आठौँ नम्वरमा रहेको थवाङ पहिरो र रसुवा भोटेकोशी प्रभावित नागरिकलाई आर्थिक सहायता सम्वन्धी रहेको छ ।

गाउँ सभा सदस्यज्यूहरु मिति २०८३ श्रावण २७ गते रोल्पा जिल्ला थवाङ गाउँपालिका वडा नं. ५, कोटलवारामा गएको विनाशकारी पहिरोबाट ९ घरपरिवार विस्थापित हुनुका साथै १३ जनाको दुःखद् निधन भएको तथा रसुवा जिल्लाको भोटेकोशीमा आएको बाढीका कारण रसुवा, नुवाकोट र धादिङलगायतका जिल्लामा ठूलो मानवीय तथा भौतिक क्षति भई नागरिकहरू विस्थापित तथा प्रभावित भएको दुःखद् अवस्थाप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्दै प्रभावित तथा विस्थापित नागरिकहरूलाई मानवीय सहयोग तथा राहतस्वरूप गाउँपालिकाको विपद् /प्रकोप व्यवस्थापन कोषबाट थवाङ पहिरोबाट प्रभावित नागरिकहरूलाई रु. ५,००,०००/- (अक्षरेपि पाँच लाख रुपैयाँ मात्र) थवाङ गाउँपालिकाको विपद/प्रकोप व्यवस्थापन कोषमा र रसुवा भोटेकोशी बाढीबाट प्रभावित नागरिकहरूलाई रु. १०,००,०००/- (अक्षरेपि दश लाख रुपैयाँ मात्र) प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा आर्थिक सहायता उपलब्ध गराउने प्रस्ताव

माण्डवी गाउँपालिका
गाउँ सभाको सचिवालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

स्वीकृतिका लागि लुम्बिनी प्रदेशको गाउँ सभा/नगर सभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ को दफा २६ को उपदफा (१) बमोजिम निर्णयार्थ पेश गर्दछु।

यस प्रस्तावको **पक्षमा** हुन्छ सदस्यहरुले हुन्छ भन्नुहोला, विपक्षमा हुने सदस्यहरुले हुन्न भन्नुहोला।

प्रस्तावको पक्षमा हुन्छ भन्ने आवाज आएको र विपक्षमा हुन्न भन्ने आवाज कतैबाट नआएकोले थवाङ पहिरो र रसुवा भोटेकोशी प्रभावित नागरिकलाई आर्थिक सहायता प्रस्ताव लुम्बिनी प्रदेशको गाउँ सभा/नगर सभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ को दफा २६ को उपदफा (२) बमोजिम सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु।

## कार्यसूचीको क्रम संख्या नं ९

सभाका सदस्यहरु, अब म आजको नवौं नम्वरको कार्यसूचीलाई अगाडि बढाउँछु। कार्यसूचीको नवौं नम्वरमा रहेको विपद्का खोज, उद्धार तथा राहत सामग्री सम्बन्धी प्रस्ताव रहेको छ।

गाउँ सभा सदस्यज्यूहरु, युरोपियन युनियनको आर्थिक सहयोगमा सञ्चालित पिपल इन निड (People in Need) को प्रतिबद्ध परियोजना–३ कार्यक्रम अन्तर्गत यस गाउँपालिकालाई उपलब्ध गराइएका एनएफ आरआई किट, डिगनिटी किट तथा टेन्ट लगायतका विपद् खोज, उद्धार तथा राहत सामग्रीहरू हिजो मात्र गएको रसुवा, नुवाकोट तथा धादिङ जिल्लाका बाढीबाट विस्थापित प्रभावित क्षेत्रमा तत्काल राहत तथा मानवीय सहयोग पुर्‍याउने उद्देश्यले वितरण गर्न पिपल इन निडबाट पछि यस

नमराज अधिकारी
सभा अध्यक्ष

माण्डवी गाउँपालिका
गाउँ सभाको सचिवालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

गाउँपालिकालाई सोधभर्ना गर्ने गरी माग गरिएको विषयलाई गाउँ सभामा जानकारी गराउन चाहन्छु ।

विपद्का समयमा प्रभावित नागरिकलाई तत्काल राहत तथा मानवीय सहयोग उपलब्ध गराउनु स्थानीय सरकारको महत्वपूर्ण दायित्व भएको र उपलब्ध राहत सामग्रीलाई आवश्यकता तथा मानवीय संवेदनशीलताका आधारमा परिचालन गर्नु आवश्यक भएकाले उक्त एनएफ आरआई किट, डिगनिटी किट तथा टेन्ट लगायतका सामग्रीहरू रसुवा, नुवाकोट तथा धादिङका बाढी विस्थापित क्षेत्रमा वितरण का लागि दिईएका सामग्रीहरु पिपल इन निडबाट यस गाउँपालिकालाई सोधभर्ना गर्ने गरी माग गरिएकोले उक्त प्रस्ताव स्वीकृतिका लागि लुम्बिनी प्रदेशको गाउँ सभा/नगर सभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ को दफा २६ को उपदफा (१) बमोजिम निर्णयार्थ पेश गर्दछु ।

यस प्रस्तावको पक्षमा हुन्छ सदस्यहरुले हुन्छ भन्नुहोला, विपक्षमा हुने सदस्यहरुले हुन्न भन्नुहोला ।

प्रस्तावको पक्षमा हुन्छ भन्ने आवाज आएको र विपक्षमा हुन्न भन्ने आवाज कतैबाट नआएकोले रसुवा, नुवाकोट तथा धादिङका बाढी विस्थापित क्षेत्रमा वितरण गर्न लगिएका एनएफ आरआई किट, डिगनिटी किट तथा टेन्ट लगायतका विपद्का खोज, उद्धार तथा राहत सामग्रीहरू पिपल इन निडबाट यस गाउँपालिकालाई सोधभर्ना गर्ने गरी माग गरिएको सम्बन्धी प्रस्ताव लुम्बिनी प्रदेशको गाउँ सभा/नगर सभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ को दफा २६ को उपदफा (२) बमोजिम सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु ।

**कार्यसूचीको क्रम संख्या नं १०**

...राज अधिकारी
सभा अध्यक्ष

सभाका सदस्यहरु, अब म आजको कार्यसूचीको दशौँ नम्बरमा रहेको समसामयिक विषयहरुमा छलफल गर्ने प्रक्रिया (शून्य/विशेष समयको प्रयोग) अगाडि बढाउँदछु । लुम्बिनी प्रदेश अन्तर्गतका गाउँ सभा (कार्यसञ्चालन) को कार्यविधि २०७६ को दफा २४ को उपदफा (१) बमोजिम समसामयिक विषयमा छलफलमा भाग लिन चाहनु हुने सदस्यहरुले आफ्नो नाम दायाँ / वायाँतर्फ रहेको सचिवालयका कर्मचारीहरुलाई टिपाउन सक्नुहुने छ ।

समसामयिक विषयमा छलफलमा भाग लिन सर्वप्रथम सदस्य श्री ............................ लाई अनुमति दिन्छु । समय ३ मिनेट निर्धारण गरेको छु ।

समसामयिक विषयमा छलफलमा भाग लिन अर्का सदस्य । ..................... लाई अनुमति दिन्छु । समय ३ मिनेट ।

सभाका सदस्यहरु समसामयिक विषयमा छलफलमा भाग लिने क्रम यही अन्त हुन्छ । आजको यस बैठकमम सदस्यहरुले उठाउनुभएका सवालहरुमा सभाको गम्भिर ध्यानाकर्षण भएको छ ।

## कार्यसूचीको क्रमसङ्ख्या ११

सभाका सदस्यहरु, अब आजको बैठकले कार्यसूचीको एघारौँ तथा अन्तिम नम्बरमा रहेको सूचीअन्तर्गत माण्डवी गाउँपालिका गाउँ सभाको २१ औं विशेष अधिवेशनको अन्त्य भएको घोषणा गर्न चाहन्छु ।

पत्रको बेहोरा...............

धन्यावाद ।